टेम्केमैयुङ गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड : ६ | संख्या : ३ | मितिः २०७९/१०/१३ |
|---|---|---|

## भाग:२

# टेम्केमैयुङ गाउँपालिकाको

## प्रोत्साहन भत्ता (पहिलो संशोधन) निर्देशिका, २०७९

### प्रस्तावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को **दफा** १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी टेम्केमैयुङ गाउँ कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

टेम्केमैयुङ गाउँपालिको प्रोत्साहन भत्ता निर्देशिका, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

टेम्केमैयुङ गाउँपालिको प्रोत्साहन भत्ता निर्देशिका, २०७५ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी टेम्केमैयुङ गाउँकार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "टेम्केमैयुङ गाउँपालिकाको प्रोत्साहन भत्ता (पहिलो संशोधन), २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरन्त प्रारम्भ हुनेछ ।

२. **टेम्केमैयुङ गाउँपालिको प्रोत्साहन भत्ता निर्देशिका, २०७५ को नियम ४ मा भएको संशोधनः** टेम्केमैयुङ गाउँपालिको प्रोत्साहन भत्ता निर्देशिका, २०७५ (यसपछि "मूल निर्देशिका" भनिएको) को नियम ४ को उपनियम (२) मा रहेका "यस निर्देशिका बमोजिम" भन्ने शब्दहरु पछि "प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको कर्मचारीको हकमा निजहरुले पाउने मासिक तलब भत्ताको ५० प्रतिशत र सो बाहेकका" भन्ने शब्दहरु थपिएका छन् ।

३. **मूल निर्देशिकाको नियम ५ मा भएको संशोधनः** मूल निर्देशिकाको नियम ५ मा रहेका "यस निर्देशिका बमोजिम" भन्ने शब्दहरु पछि "प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको कर्मचारीको हकमा निजहरुले पाउने मासिक तलब भत्ताको ५० प्रतिशत र सो बाहेकका" भन्ने शब्दहरु थपिएका छन् ।

**आज्ञाले,**
**नामः सन्दिप न्यौपाने**
**पदः प्रमुख प्रशासकिय अधिकृत**